# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १६ अक्तूबर २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- मुख्यमन्त्री ममता बनर्जीले राज्यको सबैभन्दा ठूलो महाकाल मन्दिर सिलिगडीमा निर्माण गर्ने घोषणा गर्नु भयो ।
- पश्चिम बंगाल औषधि नियन्त्रण निदेशालयले राज्यमा कफ सिरप बेच्ने र बजारमा ल्याउने कम्पनीहरूको निगरानी र कारबाही बढाएको छ।
- पश्चिम बंगालमा चुनाव आयोग द्वारा विशेष गहन पुनरीक्षण प्रक्रिया (SIR) को लागि अधिसूचना जारी गर्ने संकेतहरूको बीच, तृणमूल कांग्रेसले यसको विरुद्ध मोर्चा खोल्ने तयारी गरेको छ।
- गत १३ अक्टोबरदेखि बन्द रहेको राष्ट्रिय राजमार्ग १० आज बेलुकी देखि खुल्ला गरिएको छ I
- दर्जीलिङ सरकारी महाविद्यालयका प्राध्यापकहरूले आज मिरिक अनि सौरेनी क्षेत्रका पैरो पिडितहरूलाई आर्थिक सहयोग प्रदान गरेका छन् ।

**मुख्यमन्त्री महाकाल मन्दीर**

मुख्यमन्त्री ममता बनर्जीले आज दार्जिलिङ भ्रमण अवधि राज्यको सबैभन्दा ठूलो महाकाल मन्दिर सिलिगुडीमा बनाईनेछ, भन्नुभयो।मुख्यमन्त्रीले आज दार्जिलिङको प्रसिद्ध महाकाल मन्दिरमा पुजा अर्चना गर्नुभयो। उहाँले मन्दिरका पुजारी र दर्शनार्थीहरूसित संवाद गर्नुभयो । पछि, पत्रकारहरूसितको कुराकानीमा "उहाँले जिल्ला मजिस्ट्रेटलाई सिलिगुडीमा एउटा सम्मेलन केन्द्रको निम्ति हुने जग्गा खोज्न तथा यसको छेवैमा एउटा विशाल महाकाल मन्दिर बनाउने निर्णय गरेको बताउनु भयो। जहाँ सबैभन्दा अग्लो शिवको प्रतिमा स्थापना गरिने पनि बताउनु भयो।"उल्लेखनीय छ उत्तर बंगालमा भारी वर्षा र पहिरोका कारण धैरै क्षयक्षति भएको छा,विशेष गरी दार्जिलिङ, जलपाईगुडी, कुचबिहार, अलिपुरद्वार र कालेबुङ जिल्लाहरू यस आपदाबाट प्रभावित छन्। मुख्यमन्त्री आफ्नो पहिलो भ्रमणको चार दिन पछि गत आइतबार उत्तर बंगाल आउनु भएको थियो।

सोमबार, उहाँ राहत वितरण लगायत आपदा पछिको स्थितिको जानकारी लिन बामनडांगा पुगेर आपदा प्रभावित क्षेत्रहरूको निरीक्षण गर्नुभयो।त्यसपछि उहाँले आपदा पीडित परिवारका सात सदस्यलाई नौकरीको नियुक्ति पत्र सुम्पिनु भयो । उहाँले मिरिक अनि सुखिया पोखरीको भ्रमण पनि गर्नुभयो। हिजो मुख्यमन्त्रीले लालकोठीमा प्रशासनिक बैठकमा भाग लिनु भयो।

**पश्चिम बंगाल कफ सिरप**

पश्चिम बंगाल औषधि नियन्त्रण निदेशालयले राज्यमा कफ सिरप बेच्ने र बजारमा ल्याउने कम्पनीहरूको निगरानी र कारबाही बढाएको छ। यस सम्बन्धमा दिशानिर्देशहरू जारी गरेको छ। यो कदम हालै कोल्डरीफ कफ सिरपमा प्रतिबन्ध लगाइएपछि उठाईएको हो, यस सिरपमा पहिले मध्य प्रदेशमा नानीहरुको मृत्युको मामिला प्रकाशमा आएपछि प्रतिबन्ध लगाईएको थियो।राज्य सरकारले यो आदेशलाई कुनै पनि ज्यान गुमाउनबाट रोक्नको लागि "सावधानी अपनाउने उपाय" भनि बताएको छ ।नयाँ नियम अनुसार, कुनै पनि विक्रेताले बिना निर्माता कंपनीका साथ लिखित समझौतालाई अन्य कुनै कम्पनी द्वारा निर्मित औषधि बेच्न वा वितरण गर्न सक्नेछैन। दिशा-निर्देशहरू अनुसार, राज्यमा सञ्चालित सबै कफ सिरप मार्केटिङ कम्पनीहरू, जसका उत्पाद पश्चिम बंगाल बाहिर निर्मित भईरहेको छ आगमी 15 दिन भित्र राज्य औषधि नियन्त्रण निदेशालयको लाइसेंसिंग प्राधिकरणलाई बुझाउनु पर्नेछ।

**पश्चिम बंगाल टीएमसी SIR**

पश्चिम बंगालमा चुनाव आयोग द्वारा विशेष गहन पुनरीक्षण प्रक्रिया (SIR) को लागि अधिसूचना जारी गर्ने संकेतहरूको बीच, तृणमूल कांग्रेसले यसको विरुद्ध मोर्चा खोल्ने तयारी गरेको छ। पार्टीले काली पूजा, दिपावाली र भाइटिकापछि कोलकतामा

विशाल विरोध र्‍याली आयोजित गर्ने निर्णय गरेको छ। पार्टीका एक वरिष्ठ नेता अनुसार यो र्‍याली नोभेम्बरको पहिलो सातामा आयोजित हुने अपेक्षा गरिएको छ। मुख्यमन्त्री ममता बनर्जी र पार्टीका राष्ट्रिय महासचिव तथा लोकसभा सांसद अभिषेक बनर्जी मुख्य वक्ता हुनेछन्। मुख्यमन्त्री ममता बनर्जीले पहिले नै स्पष्ट गर्नुभएको छ कि यदि कुनै विशेष समुदायका मतदाताहरूको नाम सूचीबाट हटाइयो भने उहाँले सहन गर्ने छैन्।तृणमूल कांग्रेसले आरोप लगाएको छ कि एसआईआर, केन्द्र सरकार र भाजपाको षड्यन्त्र" हो यस अन्तर्गत राज्यमा "एनआरसी लागू गर्ने तयारी" गरिन्दै छ। अर्कोतिर, भाजपाले बंगलादेशी र रोहिंग्या घुसपैठियाहरूको नाम मतदाता सूचीमा रहोस् भनेर मुख्यमन्त्रीले SIR को विरोध गरिरहेको बताएको छ।

**राजमार्ग १०**

गत १३ अक्टोबरदेखि बन्द रहेको राष्ट्रिय राजमार्ग १० आज बेलुकी देखि खुल्ला गरिएको छ I टिस्टा नदीको प्रकोपको कारण २७ माईल देखि २९ माईल लगायत अन्य कतिपय स्थानहरूमा सकड चुडिएको थियो भने एन.एच.आई.डी.सी.एल. ले सकड सुचारू गर्ने कार्य तीव्र गतिमा कार्य शुरू गरेको थियो I फलस्वरूप आजदेखि यातायात सुचारू बनेको छ I राजमार्ग बन्द भएपछि सिक्किमदेखि सिलगढीका लागि अन्य वैकल्पिक मार्ग भएर यात्रा गर्ने विभागले निर्देश दिएको थियो I तथापि राजमार्गमा यतायात सुचारू भएपछि यात्रीहरूले राहतको सास फेरेका छन् I

**दर्जीलिङ सरकारी महाविद्यालय**

दर्जीलिङ सरकारी महाविद्यालयका प्राध्यापकहरूले आज मिरिक,सौरैनी ,थर्बु नन्दलाल गाउँ,नौ माइल, आदि क्षेत्रका पैरो पिडितहरूलाई आर्थिक सहयोग प्रदान गरेका छन् । यस क्रममा महाविद्यालयका प्राध्यापकहरूले पैरोले क्षतिग्रस्त पारेका घरहरूमा पुगेर पीडितहरूलाई चेकद्वरा रकम हस्तान्तरण गरे। यस अवसरमा पत्रकारहरूसँग कुराकानी गर्नु हुदै प्राध्यपक डाक्टर कबीर बस्नेतले दार्जिलिङ सरकारी महाविध्यालयका शिक्षण ,अशिक्षण कर्मचारी , भूतपूर्व प्राध्यपकगण,भूतपूर्व विध्यार्थीहरूद्वरा संग्रह गरिएको रकम पिडितहरूलाई प्रदान गरिएको जानकारी गराँउनु भयो ।

**विश्व मेरूदंड दिवस**

आज **विश्व मेरूदंड दिवस** हो। यसको उद्देश्य मेरुदण्डको स्वास्थ्य प्रति जागरूकतालाई बढ़ावा दिनु हो। यस वर्षको विषय " स्वस्थ मेरुदण्ड - **स्वस्थ भविष्य"** रहेको छ। वर्ष 2050 सम्ममा 843 मिलियन मानिसहरू मेरुदण्डको रोगबाट पीडित हुने आशंका गरिएको छ। जागरूकता र स्वस्थ जीवनशैलीलाई अपनाएर, मेरुदण्ड सम्वन्धी समस्या र विकलांगताबाट बाँच्नु सम्भव छ।

**रंगीत मजुवा- पशु शिविर**

पुल बिजनबारी खण्ड अन्तर्गत रंगीत मजुवा व्यापारी संगठन अनि मजुवा ग्राम पञ्चायतको संयुक्त आयोजनामा पशु वन्ध्यकरण शिविर सम्पन्न गरिएको छ। बीएलडीओ उत्तम मणि प्रधानको उपस्थितिमा दार्जीलिङ एनिमल सेल्टरका डा. शिबानी प्रधान अनि मोनिका प्रजापतले विषेश जाँच शिविरमा कुकुरहरूको शैल्यक्रियासंगै ५० भन्दा धेरै पशु वन्ध्यकरण टिकाकरण गरिएको व्यापारी संगठनका सभापति छेडुप लेप्चाले जानकारी गराउनु भएको छ ।

**सिल्क रुट ट्रेल म्याराथन**

कालेबुङ पुलिसका आर.आई. संजय थापा अनि एम.टी.ओ. सुरज लामाले आगामी २ नोभेम्बरको दिन "एन्सियन्ट सिल्क रुट ट्रेल म्याराथन" आयोजना हुने बताएका छन् । उनीहरूले आज कालेबुंगमा पत्रकार सम्मेलन गर्दै म्याराथनका लागि टी-शर्ट अनि रनर नम्बर ३१ अक्टोबर अनि १ १ नोभेम्बरको दिन मेला ग्राउण्डमा वितरण गरिने बताएका छन् । उनीहरुले दौड ५ कि.मि., १० कि.मि. र २१ कि.मि. वर्गहरूको रुट म्याप सम्बन्धमा पनि जानकारी गराए भने र प्रतियोगी धावरूलाई सुरक्षित र तयारीपूर्वक प्रतिस्पर्धामा सहभागी हुन अनुरोध गरेका छन् ।

**तीनधारे- सचेतना**

तीनधारे पास्टोरेट चर्च अफ् नर्थ ईण्डियाको आयोजनामा विद्यार्थीहरुलाई लिएर विभिन्न विषयमा एक दिवसीय सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा सभाध्यक्षको रुपमा तीनधारे पास्टोरेटका इन्चार्ज रेभरेन्ट राजेन केरकेटा उपस्थित हुनुहुथ्यो भने प्रमुख अतिथिको रुपमा तीनधारे महानदी समष्टिको सभासद नवराज छेत्री उपस्थित हुनुहुन्थ्यो।

**निर्वाचन आयोग**

भारतीय निर्वाचन आयोगले पश्चिम बंगालका ७८ विधानसभा निर्वाचन क्षेत्रहरूमा निर्वाचन दर्ता अधिकारीहरूलाई तत्काल प्रतिस्थापन गर्न निर्देशन दिएको छ I जानकारी अनुसार यी अधिकारीहरूलाई भारतीय निर्वाचन आयोगद्वारा निर्धारित मापदण्डहरूको उल्लङ्घन गरेर नियुक्त गरिएको पाइएको थियो। यस सम्बन्धमा, राज्य सरकारलाई पत्र पठाइएको छ, जसमा निर्वाचन आयोगले तोकेको मापदण्ड पूरा गर्ने अधिकारीहरूको नाम प्रस्ताव गर्न भनिएको छ।

****** ० ******